## सर्वोच्च अदालतको
## सूचना

यस अदालतमा डायर रहेको मुद्दा मामिलामा असमर्थ पक्षको तर्फबाट बहस गर्न देहायका व्यक्तिलाई मिति २०३०–२–१६–३ देखि ३ महीनाको लागि वैतनिक कानून व्यवसायीमा नियुक्ति गरिएको छ ।

(१) अधिवक्ता श्री पुष्करनाथ उपाध्याय ।
(२) अधिवक्ता श्री सुरेन्द्रबहादुर प्रधान ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का.मु. रजिस्ट्रार

## सर्वोच्च अदालतको
## सूचना

सम्माननीय प्रधान न्यायाधीशज्यूबाट यस अदालतका (जगेडा) जिल्ला न्यायाधीश श्री ज्ञाइन्द्रबहादुर श्रेष्ठलाई मकवानपुर जिल्ला अदालतको जिल्ला न्यायाधीश भई काम गर्न मिति २०३०–२–१६–६ देखि खटाइएको छ ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का.मु.रजिस्ट्रार

## सर्वोच्च अदालतको
## सूचना

निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी सम्माननीय प्रधान न्यायाधीशज्यूबाट देहायका कर्मचारीहरूलाई देहायका अदालतको रिक्त राजपत्राँकित तृतीय श्रेणीको देहायको पदमा मिति २०३०–२–१६–३ देखि कायम मुकायम मुकरर गरिएको छ ।

| सि.नं. | नाम र थर | साविक पद र कार्यालय | का.मु. गरिएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री युवानन्द सिलवाल | स.स.अ.तथा स.स.अ., स.स.अ.तथा स.स.अ. कार्यालय, जाजरकोट | जिल्ला न्यायाधीश, जिल्ला अदालत, जाजरकोट |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

१५२